डि.स.का. दर्ता नं. ३३५/२०५०/०५१ समृद्ध साकोस दिगो संघ

# ललितपुर
## जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

# साकोस सिईओ गोष्ठी २०८१ ललितपुर
## SACCOS CEO's WORKSHOP 2025
### २०८१ चैत्र २२ र २३ गते

PHOTO

## दर्ता फाराम (Registration Form)

दर्ता नं. : ______ मिति : ______

सहभागीको नाम, थर (नेपालीमा): ......................................

**Participant Name (IN ENGLISH):** ......................................

सहभागीको मोबाइल नं. : ...................... इमेल (Email) : ......................

लिङ्ग (Sex) : पुरुष ☐ महिला ☐

सहकारी संस्थाको नाम (Name of Cooperative) : ......................................

पद (Designation) : ...................... संस्थाको फोन नं. (Contact Number) : ......................

शाकाहारी (Vegetarian) ☐ मांशहारी (Non-vegetarian) ☐

साधन (Vehicle) : निजी (Private) ☐ बस (Bus) ☐

संस्थाको छाप

### नोट:

१. प्रत्येक सहभागीलाई तालिमको लागि मसलन्द तथा आवश्यक सामाग्री उपलब्ध गराइनेछ ।
२. पहिलो आउनेलाई पहिलो प्राथमिकतामा राखिनेछ ।
३. नाम दर्ताको लागि २०८१ चैत्र १५ गते भित्र तोकिएको **शुल्क रु. ७,000/-(अक्षरुपी सात हजार रुपैया मात्र)** नगदै वा राष्ट्रिय सहकारी बैंकको खाता नं. ३९०००५४, प्राईम बैक को खाता नं. ००५०१४३० **CA**, सिदार्थ बैंक लि. को खाता नं ०१८१५२२५९११ मा जम्मा गरी सक्कलै भौचर बुझाई संघको कार्यालय फारम दर्ता गराई सक्नुपर्नेछ ।
४. आवश्यकता अनुसार फारम फोटोकपी गरेर बुझाउन सकिनेछ वा वेवसाईटवाट डाउनलोड गर्न सकिनेछ ।
५. फारमसँगै १ प्रति पासपोर्ट साइजको फोटो बुझाउनुपर्नेछ ।
६. विस्तृत जानकारीको लागि संघको वेवसाईट **www.lalitpurbachatsangh.org.np** वा संघको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । सम्पर्क : ५४५३००१/५४५३००७/९८५१०९२६१४/९८४१८०४८४१/९८५१०५१२२२/९८५११८३९५३/९८५११४७०१४/९८५११५४७२३/९८५११५३०८०/९८४९७५१२१५

# SACCOS CEO'S WORKSHOP 2025 LALITPUR



## 2081 Chaitra 22 & 23

**Ratnagiri Resort, Nagarkot**

# १. परिचय

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड सहकारी ऐन २०४८ बमोजिम मिति २०५० साल असोज ३ गते स्थापना भएको ललितपुर जिल्लाको सहकारी अभियान मार्फत समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तर उकास्न क्रियाशील रहेको बचत तथा ऋण सहकारी संस्थाहरुको जिल्लास्तरीय छाता संगठन हो । ललितपुर जिल्लामा ५३६ बचत ऋण सहकारी संस्थाहरु सञ्चालमा रहेका छन्  जसमध्ये ४८२ साकोसहरु संघमा आवद्ध छन् ।

वचत तथा ऋण सहकारी संस्थाहरुको सञ्चालनमा विद्यमान जोखिम र तिनको सापेक्षित प्राविधिक समाधानको लागि संघले संस्थागत विकास तथा सुशासनका विविध क्षेत्रहरुमा तालिम तथा शिक्षाको माध्यमबाट समुदायको दिगो र प्रतिस्पर्धी संस्थाको रुपमा स्थापित गराउन निरन्तर प्रयासरत रहेको छ । ललितपुर साकोस अभियानलाई प्रतिष्पर्धी, विश्वासयोग्य र गुणस्तरीय बनाउन सक्षम र प्राविधिक जनशक्ति विकास तथा व्यवस्थापनबाट मात्र सकिन्छ भन्ने मान्यताका साथ विगत लामो समयदेखि ललितपुर साकोस अभियानमा कार्यरत व्यवस्थापनका जनशक्तिहरुको सक्षमता विकासमा क्रियाशिल हुँदै आइरहेको छ । नेपालमा सहकारीको संख्यात्मक वृद्धि र छुट्टाछुट्टै कानुनी संरचना (संघीय, प्रादेशिक र स्थानीय) अन्तर्गत दर्ता, सञ्चालन, अनुगमन तथा नियमन हुँदा बढ्दै गएको जोखिम न्यूनीकरणका लागि सक्षम एवं प्रविधिमैत्री व्यवस्थापन संरचना र प्रणाली स्थापना अत्यावश्यक रहेको छ ।

वचत तथा ऋण सहकारी संस्थाहरुको स्थापनाले शहरी क्षेत्रका साथै दुर्गम ग्रामीण क्षेत्रका समुदायमा औपचारिक वित्तीय क्षेत्रको पहुँच अभिवृद्धि गर्नुका साथै वचत गर्ने बानीको विकास गरी राष्ट्रिय पुँजी निर्माणमा उल्लेखनीय योगदान गरेको छ । यद्यपी शहरी क्षेत्रमा स्थापना भएका केही सहकारीका कारण सहकारी क्षेत्रको साख कमजोर हुँदै गइरहेको छ । साकोस अभियानको व्यवस्थापनमा नेतृत्व प्रदान गरिरहेका व्यवस्थापकीय प्रमुखहरु, राष्ट्रिय विज्ञहरु र सहकारी निकायका जिम्मेवार व्यक्तिहरुबीचमा अनुभव र विषयगत ज्ञानको आदान प्रदान मार्फत साकोस व्यवस्थापनलाई प्रतिष्पर्धी क्षमता सहित प्रभावकारी रुपमा ललितपुर जिल्लाको साकोस अभियानलाई बलियो, दिगो र सुरक्षित राख्नका लागि प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापकहरुमा जवाफदेहिता अभिवृद्धि गर्ने र व्यावसायिक संस्था निर्माणमा केन्द्रीत रही यो गोष्ठी आयोजना गरिंदैछ ।

यस गोष्ठीको नाम **SACCOS CEO's Workshop 2025 Lalitpur** रहेको छ ।

# २. गोष्ठीको लक्ष्य

ललितपुर जिल्लामा सञ्चालित बचत ऋण सहकारी संस्थामा उच्च व्यवस्थापनमा कार्यरत प्रमुख कार्यकारी अधिकृत /व्यवस्थापकहरुको क्षमता, दक्षता र जवाफदेहिता अभिवृद्धि गर्दै साझा प्रतिवद्धता जारी गर्दै उक्त प्रतिवद्धतालाई कार्यान्वयन गर्न र सहकारी अभियानलाई अझ सशक्त बनाउन क्लब गठन गर्ने ।

# ३. गोष्ठीको उद्देश्य

कार्यक्रमको मुख्य उद्देश्य ललितपुर जिल्लाभित्र सञ्चालनमा रहेका साकोसका प्रमुख कार्यकारी अधिकृत /व्यवस्थापकहरुको सक्षमता अभिवृद्धि गरी वर्तमान परिस्थितिसाग सामना गर्ने क्षमताको विकास गर्नुरहेको छ । कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ :

- ललितपुर जिल्लाभित्र सञ्चालित साकोसको नेतृत्वको व्यावसायिकता अभिवृद्धि गर्ने,
- वर्तमानमा सहकारी क्षेत्रमा देखिएका विविध प्रकारका जोखिम लगायतका क्षेत्रको पहिचान र व्यवस्थापन गर्न नेतृत्वलाई सबल र सक्षम बनाउने ।
- सहकारी ऐन, नियमावली र मापदण्डमा भएका आवश्यक व्यवस्थाहरुको ज्ञान हासिल गर्ने

- वित्तीय सहकारीको दर्शन र मुल्यमा आधारित व्यवसायिक जनशक्ति विकास गर्नु
- विश्वव्यापी नविनतम अभ्यास, अनुभव र सिकाईहरु मार्फत ज्ञान, सीप र प्रविधिको अवलम्बन एवं हस्तान्तरण गर्नु
- राष्ट्रियस्तरमा भएका नविनतम र सफल अभ्यासलहरु आदान–प्रदान गर्नु
- कार्यरत जनशक्तिको उत्प्रेरणामार्फत तनाव रहित वातावरणमा कार्य सम्पादनका लागि प्रेरित गर्नु
- वित्तीय सहकारीलाई आकर्षक रोजगार प्रवर्द्धक क्षेत्रको रुपमा स्थापित गर्नु
- वित्तीय सहकारीको योजना विकास र छवी निर्माणको लागि साझा घोषणा जारी गर्नु

## ४. अपेक्षित उपलब्धी

गोष्ठीको अपेक्षित परिणाम जिल्लाभित्र सञ्चालित साकोसहरुको सुशासन अभिवृद्धि गर्नु र नेतृत्वलाई सबल बनाउनु हो । व्यवस्थापनका प्रमुख व्यक्ति र क्षेत्रगत विषयविज्ञहरुको अन्तरक्रियामा केन्द्रित हुने गोष्ठीबाट निम्न उल्लेखित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ :

- साकोसहरुको व्यावसायिक दक्षता अभिवृद्धिका लागि मद्दत पुग्नेछ,
- व्यवस्थापन नेतृत्व विकास र परावर्तन संस्थागत संस्कृतिको रुपमा स्थापित हुनेछ
- साकोस अभियानको व्यवस्थापनले सामना गरिरहेका साझा सवालहरुको पहिचान हुनेछ
- उत्पादनमुलक क्षेत्रमा पुँजी परिचालन गर्न सम्भाव्य क्षेत्रहरुको पहिचान भई कम्तीमा ५० प्रतिशत पुँजी उत्पादनमुलक क्षेत्रमा परिचालन भई रोजगारी सिर्जना वृद्धि हुनेछ
- समृद्ध नेपालको परिकल्पना
- संविधानमा सहकारीलाई व्याख्या गर्न अनुसय हुने

## ५. सहभागीता

दुईदिन सम्म सञ्चालन हुने गोष्ठीलाई उपलब्ध श्रोत र साधानलाई दृष्टिगत गरी वित्तीय सहकारी क्षेत्रका व्यवस्थापकीय तहमा कार्यरत कर्मचारी, नियमनकारी निकाय, सम्बन्धित सरोकारवाला एवं विकास क्षेत्रका सहयात्रीहरु समेतको प्रतिनिधित्व रहने गरी ललितपुर जिल्लाभित्रका १०० वटा संस्थाबाट प्रतिनिधित्व हुने अपेक्षा गरिएको छ ।

## ६. स्रोत र समन्वय

गोष्ठी सञ्चालनका लागि स्रोत व्यवस्थापन वास्तवमै चुनौतीपूर्ण छ । संघको अन्य स्रोत नभएको अवस्थामा कार्यक्रमलाई लागत सहभागितामा सञ्चालन गरिनेछ । निम्नानुसारको लागत सहभागिता निर्धारण गरिएको छ ।

| क्र.सं. | लागत (रु) |
|---|---|
| १ | रु. ७,०००/– प्रति सहभागी |

## ७. स्थान, मिति र समय

व्यवस्थापकीय कार्यबोझको सन्तुलन र मौसमी अनुकुलता समेतलाई मध्यनजर गरी २०८१ चैत्र २२ र २३ गते तदनुसार अप्रिल ४ र ५, २०२५, रत्नागिरी रिर्सोट, नगरकोटमा विहान ८:०० देखि बेलुकी ५:०० बजेसम्म गोष्ठी सञ्चालन गरिनेछ ।

## ८. सामुहिक सत्र योजना

**दिनः पहिलो (चैत्र २२ गते, शुक्रबार, April 4, 2025)**

| क्र.सं. | समय | कार्यक्रम | स्रोत व्यक्ति |
|---|---|---|---|
| १ | ६:३० – | ललितपुर बचत संघको कार्यालय अगाडी उपस्थित | |
| २ | ७:०० – | प्रस्थान (कार्यालय स्थलबाट) | |
| ३ | ८:३० – ९:३० | दर्ता तथा खाजा | आयोजक |
| ४ | ९:३० – १०:३० | उद्घाटन | आयोजक |
| ५ | १०:३० – १०:४५ | चिया ब्रेक | रत्नागिरी रिर्सोट |
| ६ | १०:४५ – १२:४५ **(प्रस्तुतीकरण तथा अन्तरक्रिया)** | **सामुहिक सत्र : १**<br>▪ सहकारीको विद्यमान नियमकीय प्रावधान र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको भूमिका<br>Existing Regulatory Provisions for Cooperatives and the role of National Cooperatives Regulatory Authority | **प्रस्तुती**<br>**अर्जुनप्रसाद पोखरेल**<br>**अध्यक्ष, राष्ट्रिय सहकारी नियमन प्राधिकरण** |
| ७ | १२:४५ – १:३० | खाना | रत्नागिरी रिर्सोट |
| ८ | १:३० – ३:३० | **सामुहिक सत्र : २**<br>▪ सहकारी क्षेत्रमा मानव संसाधन व्यवस्थापनका समवर्ती मुद्दाहरु, आगामी कार्यदिशा<br>Concurrent Issues in Human Resource Management in the Cooperative Sector and Future Directions | **प्रस्तुती**<br>**प्रा. डा. अरहन स्थापित**<br>**डिन, नेपाल खुल्ला विश्वविद्यालय** |
| ९ | ३:३० – ३:४५ | चिया ब्रेक | रत्नागिरी रिर्सोट |
| १० | ३:४५ – ५:४५ **(प्रस्तुतीकरण र अन्तरक्रिया)** | **सामुहिक सत्र : ३**<br>▪ सहकारीमा "पूँजी पर्याप्तता" को आवश्यकता र औचित्यता<br>The Need and Justification of "Capital Adequacy" in Cooperatives | **प्रस्तुती**<br>**डा. राम शरण खरेल**<br>**निर्देशक, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग** |
| ११ | ५:४५ | रिफ्रेसमेन्ट | |

**दिनः दोस्रो (चैत्र २३ गते, शनिबार, April 5, 2025)**

| क्र.सं. | समय | कार्यक्रम | स्रोत व्यक्ति |
|---|---|---|---|
| १ | ८:०० – ९:०० | खाजा समय | रत्नागिरी रिर्सोट |
| २ | ९:०० – ११:०० **(प्रस्तुतीकरण तथा अन्तरक्रिया)** | **सामुहिक सत्र : ४**<br>▪ सकारात्मक सोचसहितको सहकारी नेतृत्व<br>Cooperative Leadership with Positive Thinking<br>▪ नेतृत्व विकास र समय व्यवस्थापन<br>Leadership Development and Time Management | **प्रस्तुती**<br>**डा. ताराप्रसाद गिरी (डा. ताराजी)**<br>**मोटिभेशनल स्पिकर** |
| ३ | ११:०० – ११:१५ | चिया ब्रेक | रत्नागिरी रिर्सोट |
| ४ | ११:१५ – १२:४५ **(प्रस्तुतीकरण र अन्तरक्रिया)** | **सामुहिक सत्र : ५**<br>▪ संस्थागत सुशासनको अवधारणा, मापदण्ड र प्रयोग<br>Concept, Criteria, and Practice of Institutional Good Governance | **प्रस्तुती**<br>**डा. शिवजी सापकोटा**<br>**प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून** |
| ५ | १२:४५ – १:३० | खाना | रत्नागिरी रिर्सोट |
| ६ | १:३० – ३:३० | **सामुहिक सत्र : ६**<br>▪ व्यवस्थापक र नेतृत्वकर्ताको रुपमा व्यत्तित्व विकास<br>Personal Development as a Manager and Leader | **सहजकर्ता**<br>**अनिल केशरी शाह**<br>**पूर्व मुख्य कार्यकारी अधिकृत, नबिल बैंक नेपाल लिमिटेड** |
| ७ | ३:३० – ४:०० | ▪ म्यानेजर क्लब गठन<br>Formation of Manager Club | आयोजक |
| ८ | ४:०० – ४:३० | प्रतिबद्धता जारी र समापन समारोह | आयोजक |
| १० | ४:३० | चिया ब्रेक र प्रस्थान | रत्नागिरी रिर्सोट |